# गृहमन्त्री श्री विश्वबन्धुथापाको
# रेडियो भाषण

श्री ५ को सरकार, प्रचार तथा प्रसार विभाग,
सिंहदरबार सचिवालय, नेपाल ।

321.6
HMO7
2017

# गृहमन्त्री श्री विश्वबन्धु थापाको रेडियो भाषण

**दाजु भाइ, दिदी बैनी,**

पौष १ गतेदेखि यता श्री ५ महाराजाधिराजबाट समय समयमा राष्ट्रका लागि बक्सेको सन्देश तपाइं-हरूले पनि सुन्नु भएको नै छ । जुन बेला एउटा ठूलो राजनीतिक परिवर्तन गरेर पनि राष्ट्र बचाउन दृढ–संकल्प राष्ट्रनायक श्री ५ ले गरिबक्सियो, त्यस बेलामा म परदेशमा थिएं । सारा नेपालीको लागि जुन साह-सिक कदम नौलो र आश्चर्य लाग्दो थियो, त्यो मेरो लागि पनि थियो । तर नेपाल र नेपालीको ध्यान हरबखत हाम्रो श्री ५ लाई छ भन्ने विश्वासले म सोझै मौसूफको दर्शन गर्न नेपाल फर्कें । जुन गतिले निर्वाचित सरकार बामे सर्दै थियो, त्यो मलाई मनपरेको थिएन । अरू मुलुकको दांजोमा पुग्न जब कि हामीले दौडिने बेला थियो, हामी आफैंमा अलमलिदै थियौं । नेपालको प्रगतिमा कसले तगारो लगाउंदै छ, यो स्पष्ट थिएन । राजदरबारलाई गाली गरेर आफ्नो कमजोरीलाई लुका-उन सक्नुमा नै हामीले सफलता मानेका थियौं ।

निस्वार्थ र इमान्दार भई राष्ट्रका लागि भलो हुने कुरा भन्दा पार्टी र आफ्नो भविष्यको चिन्ताले धेरै घोरिएका पाइन्थे । कसैको म व्यक्तिगत आलोचना गर्न चाहन्न र न जुन पार्टीमा मैले आजसम्मको तमाम राजनीतिक जीवन बिताएं त्यसप्रति मलाई कुनै शिकायत नै छ । तर निर्वाचित सरकारको काम गराईले मेरो यो विश्वास दिनहू बलियो हुंदै गएको थियो कि राष्ट्रलाई चांडै नै माथि पुरचाउन एउटा सुयोग्य नेतृत्वमा हामी सबैले एउटै प्रवाहमा बग्न सके हाम्रो यो सानो रमाइलो देश चांडै नै माथि पुग्ने थियो । आफ्नो दुइचोटीको संसार भ्रमणमा मैले विश्वका साना साना उन्नत देशलाई निकै नजिकबाट हेर्ने मौका पाएको छु । चाहे जुनसुकै तरीकाबाट होस् नेपाल माथि नपुगी नेपाली माथि पुग्न सक्दैन । म आफ्नो व्यक्तिगत मान मर्यादालाई बिर्सेर नेपालको सेवा गर्न तैयार थिएं । प्रजातन्त्र स्वार्थ पूर्तिको साधन होइन, जनताको भावनाको अभिव्यक्ति हो । निर्वाचित सरकारको प्रजातन्त्रमा दुइ तिहाइ वहुमत प्राप्त नेपालका जन–प्रतिनिधि राज्य गर्दैनथे, बल्की २।३ जना नेता कानून सेक्रेटरीले एउटा अंध्यारो कोठामा ड्राफ्ट गरेको बिलका मसौदालाई संसदका सामू राखी त्यसमा कम-से-कम

बहस र संशोधन हुने मौका दी यस्तै कानूनका आधारमा शासन गर्दथे । यतिले पनि वर्तमान प्रजातन्त्रमा मेरो विश्वास डगमगाएको थिएन, तर निर्वाचनमा पराजित प्रजातन्त्रका विभिन्न प्रहरीले श्री ५ मा चढाएको विन्तिपत्रले मलाई लाग्यो– नेपालका लागि एउटा यस्तो दरो, इमान्दार र त्यागी पुरुषको आवश्यकता छ, जसले हामी सबैलाई केही वर्षसम्म प्रजातन्त्रको बाटोमा ताती गर्न सिकाओस् । यो व्यक्तित्व जब मैले परमपूज्य श्री ५ मा पाएं, म, मौसूफले निर्देश गरिबक्सिएको बाटोको पथिक हुन तयार भएं । मौसूफको दर्शन गर्दा मौसूफले व्यक्त गरिबक्सिएका उद्‌गार, पछि २२ गते पौषको शाही सन्देशमा तपाइंहरूले पनि सुन्नु भयो । गएको सरकार र व्यक्तिले के गरे, के गरेनन् त्यसको लेखा जोखा गर्ने आवश्यकता मलाई छैन । तर जुन हिसाबले निर्वाचित सरकारले काम गर्दै थियो, त्यसबाट म हतोत्साहित थिएं । नेपालको उज्ज्वल भविष्यमा मौसूफको विश्वासले मलाई साहस प्रदान गरेथ्यो । मौसूफले त्यस बेला पनि हुकूम भएथ्यो "यसमा हतोत्साह हुने कुरा छैन, किनभने आजको अन्तर्राष्ट्रिय आर्थिक सहयोगको युगमा प्रगतिका हतौडीहरू हासिल गर्न उति उकालो पर्दैन ।

तर, निःसन्देह यसको निम्ति हामीले कठोर परिश्रम गर्नु पर्छ र आराम, ऐशको जीवन परित्याग गर्न तैयार हुनु पर्छ । आज नेपाली जातिलाई त्याग, तपस्या, बलिदान, धैर्य र अध्यवसायको ठूलो मांग आइलागेको छ । हाम्रो लामो इतिहासमा धेरै पटक हामीले समयको चुनौती र मांग पूरा गरेका छौं । हामीलाई पूरा विश्वास छ, आजको युगको परीक्षाबाट पनि इतिहासको अन्य युगमा जस्तै नेपाल र नेपाली सफलतापूर्वक उत्तीर्ण हुनेछ । यति हो कि हामीले हाम्रो इतिहासको शिक्षा बिर्सनु हुन्न र आफूमा भर पर्नु पर्छ । हाम्रो भविष्य अवश्य बन्नेछ," मौसूफका यी वाक्य तपाइंहरूले स्वयं सुन्नु भयो । "हाम्रो भविष्य अवश्यै बन्नेछ" भनी विश्वास गर्ने राजाले देशको नव–निर्माण र नव–जागृतिका लागि सहयोग मांग्दा कुनचाहीं नेपालीले नाइं भन्ला । "विकास, निर्माण र उत्पादनको अभिवृद्धिको निम्ति नयाँ जोश फैलाउन" खोज्ने राजाको उत्साहमा कुन नेपाली आपनो बलिदानको लागि तैयार नहोला । म पनि नेपाली हुं र नेपालको लागि केही गर्न सकिन्छ कि भनेर आज अनेक वर्षदेखि एउटा पार्टी र सिद्धान्तलाई अंगालेर हिंडेको थिएं । प्रजातान्त्रिक समाजवादमा विश्वास

गर्ने मेरो पार्टी र मेरा नेताका लागि नेपालको अहिले-सम्मको माटो उपयुक्त थिएन भनी स्वीकार गर्नु कमजोरी होइन, इमान्दारी हो । प्रजातान्त्रिक समाज-वादको बिरुवा रोप्नु भन्दा पहिले नेपालको माटोलाई यसको लागि मलिलो पार्नु परेको छ । १०४ वर्षसम्म निरंकुश अधिनायकवादले जरो गाडेको नेपालमा गएको दश वर्षको अनुभव भन्छ, प्रजातन्त्र हुर्किन सकेन, पर्खिने समय छैन, यसैकारण "देशको सर्वतोमुखी विकास तथा निर्माणको निम्ति आज एउटा नयाँ शक्तिको मूल फुटाउन परेकोछ, जसले हाम्रो शताब्दी-देखिको दरिद्रता, अज्ञानता र पिछडिएको अवस्थालाई हटाई यही नेपालको माटोमा जरा हाल्न सक्ने किसि-मको यहाँकै हावापानी सुहाउंदो प्रजातन्त्रको बिरुवा फुलाउन र फलाउन सकोस्" श्री ५ को यस दृढ प्रतिज्ञामा समाजवाद नभए पनि नेपालवाद छ । नेपाल रहे नै नेपालमा समाजवाद आउला । श्री ५ ले हुकूम भए झैं "नव–जागृतिको लहरबाट उत्पन्न हुने जन–शक्ति वा राष्ट्रिय–शक्तिलाई यता उति छरिन नदिई हामीले यसको राम्रो संचय" गर्‍यौं भने मात्र नेपालको प्रजातन्त्र दरिलो, खंदिलो भई विश्वको दाँजोमा अड्न सक्छ । लरबरिएको प्रजातन्त्र दायाँ बायाँको घात

प्रतिघात सहन सक्दैन भन्ने कुरा विभिन्न देशका इतिहासले सिद्ध गरिसकेको छ । प्रजातन्त्रको लागि श्री ५ को अमिट विश्वास छ । केही क्षणका लागि नेपालीको सबै शक्ति एउटै मुहानमा लगाउनु पर्‍यो भनेर नै आज सबै राजनैतिक दलहरूलाई श्री ५ बाट अवैध घोषित गरिबक्सनु परेको हो । सबैले सहयोग दिएर प्रजातान्त्रिक वातावरणको सिर्जना चांडै गर्न गराउन सके केही वर्षभित्रमा नै पार्टीका झण्डा र साइनबोर्ड हामी फेरि देख्नेछौं । अहिलेका राजनैतिक पार्टी सिद्धान्तमा विश्वास गर्ने मानिसको संगठन भन्दा पनि काम नपाएका मानिसको बसीबियांलो गर्ने ठाउं भएको थियो । हामी सबै इमान्दारीले बुझी सोचूं कि यस्तै किसिमको पार्टी संगठनले नेपालको प्रजातन्त्र कति दिन थाम्ने थियो । लरबरिएर हिंड्ने बालकले हिंड्न नजान्दा भीरबाट खस्न सक्छ, तर दरा हात खुट्टा भएका बालक पखेरा पखेरामा दौडिने हुन्छन् । नेपाली कांग्रेसको देन नेपालको इतिहासमा बिर्सिने कुरा होइन र व्यक्तिगत रूपले यस पार्टीको सिद्धान्त प्रजातान्त्रिक समाजवादमा मलाई अझ पनि विश्वास छ । श्री ५ सबैको साझा हो । यो एउटा यस्तो धर्मस्थल हो जहां विभिन्न बाटोमा हिंड्ने मानिस निर्धक्क भई सुस्ताउन

सक्छन् । राष्ट्रनायक श्री ५ को आह्वानमा मुलुकको भलोका लागि र प्रजातन्त्रको सही स्थापनामा सिपाही भई सहयोग दिन जानु पार्टी र नेतालाई धोका दिएको हुंदैन । श्री ५ दलगत राजनीतिको नेता होइन, मुलुकको एकताको प्रतीक हो । दलगत स्वार्थ र आफ्नो आफ्नो सिद्धान्तलाई बिर्सिएर हामीले राष्ट्रनायकको उच्च आदर्श र भावनालाई अंगालेर देश निर्माणमा सहयोग दिनु छ । मैले त्यही गरें । मेरा तमाम राजनैतिक साथीहरू र युवकवर्गलाई यही विस्तृत बाटोमा केही वर्षका लागि हिंडौं भन्ने सल्लाह दिन्छु । देश यसरी नै बन्छ ।

आज श्री ५ को नजिकै भएर राष्ट्र निर्माणको बेलामा काम गर्ने मौका मैले पनि पाएको छु । मन्त्री पदको लोभले हो या राष्ट्र बनाउने आकांक्षाले हो, यो त इतिहासले भन्ला,तर मैले आफूसंग भएको तमाम इमान्दारी र त्यागले राष्ट्र बनाउने वचन श्री ५ लाई टक्र्याएको छु । प्रजातन्त्रको लागि आस्था भएका,देश बनोस् भन्ने प्रेरित केही आंखासंग बाटोमा जब मेरा आँखा जुध्दछन्, म देश, नरेश र जनताको लागि इमान्दार र त्यागी हुने प्रेरणा प्राप्त गर्दछु । प्रजातन्त्र र देश निर्माणको लागि राजा, मेरा साथीहरूको

जागरूकताले मलाई जहिले पनि सही बाटोमा हिंड्न सम्झाउने छ । गृह विभाग साथै थपिएको सहकारी पञ्चायत र विकासको कामले एउटा ठूलो जिम्मेदारी ममाथि आइलागेको छ । यस गहन जिम्मेदारीमा म इमान्दार रहनेछु भन्ने विश्वास मलाई छ । यसकारण देशका तमाम सरकारी कर्मचारीलाई श्री ५ को नव–जागृति र नव–निर्माणको आह्वानलाई सफल पार्ने भरमग्दूर प्रयास गर्ने सल्लाह दिन चाहन्छु । कोहीसंग मलाई रिस, इबी छैन र सबै योग्य र इमान्दार कर्मचारीले मलाई आफ्नो मित्र झैं नै पाउने छन् । तर, देश निर्माणको यो बेलामा घूसखोरी, भ्रष्टाचार, कामचोरी र अरू पनि अनेक किसिमका गैर–जिम्मेदारी सहन गर्न सक्नेछैन । श्री ५ को सुयोग्य नेतृत्वमा प्रगतिको लागि अगाडि बढेको देश कसैको लागि अड्न सक्दैन । हिंड्न नसक्ने कर्मचारी थलामारी पन्छिने छन् र उत्साहले साथ दिने सुन्दर भविष्य निर्माण सहयोगी हुनेछन् । हर पुलिस र गुप्तचर विभागको मानिसलाई आज काम देखाई राष्ट्र बनाउने मौका प्राप्त भएको छ । देशको शान्ति सुरक्षा मात्र होइन, देशको चरित्र निर्माणमा समेत पथ–प्रदर्शक हुने मौका यिनीहरूले पाएका छन् । नातावाद, कृपावाद र

पैसावादमा अब कुनै नियुक्ति, सरुवा, बढुवा हुने छैन । काम देखाउने मौकामा काम देखाएर पुलिसको इज्जत राख्नु प्रत्येक पुलिसका जवानको कर्तव्य हो । देशबाट चोरी, डकैती, घूसखोरी, भ्रष्टाचार, भय, त्रास, अशान्ति, पीर, बाधा र मर्का हटाउन पुलिसलाई जे जति मद्दत चाहिन्छ, त्यो पुर्‍याउने मेरो कर्तब्य हुनेछ र यी सबको बदलामा म केवल एक चीज चाहन्छु र त्यो हो देश र नरेशका लागि प्रत्येक पुलिसको वफादारी ।

पञ्चायतको निर्माणमा मेरो ध्यान रहनेछ । पञ्चायत प्रजातन्त्रको जग हो । प्रशासन विकेन्द्रीकरण गरी विकासका योजनामा पूरा मद्दत गर्ने मौका पञ्चायतलाई दिने हुकूम मलाई श्री ५ बाट बक्सिएको छ । श्री ५ को यस हुकूमको तामेली गर्नु मेरो कर्तव्य हो । यस कामको लागि मलाई प्रत्येक प्रजातन्त्र प्रगति प्रेमी नेपालीको सहयोग चाहिएको छ र यसको अपेक्षा गर्दछु । प्रत्येक क्षेत्रमा सहकारिता आन्दोलनलाई प्रश्रय दिई संग संगै बांच्ने भावनालाई जगाउनु मेरो कर्तव्य हुनेछ । अविकसित इलाकाहरूमा खास ध्यान दिई त्यसलाई अरू सरह पार्ने मेरो कोशिशमा म सम्पूर्ण देशवासीको सहयोग पाउने छु भन्ने मलाई विश्वास छ ।

अन्तमा, म फेरि तपाईंहरू सबलाई यो विश्वास दिलाउन चाहन्छु कि नेपालको प्रजातन्त्रको भविष्य हाम्रो प्रजातन्त्र प्रेमी राजाको हातमा सुरक्षित छ र चांडै नै हामी सुदृढ प्रजातान्त्रिक पद्धतिमा हिंड्न पाउने छौं ।

जय नेपाल ।

पौष २८, २०१७

गोरखापत्र छापाखाना काठमाडौंमा मुद्रित ।